Karuna foundation Nepal
Saving children from disability, one by one

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश , स्थानीय तह तथा करूणा फाउण्डेसन नेपालको त्रिपक्षीय साझेदारीमा सञ्चालित

# अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

बेलका नगरपालिका, उदयपुर (जिल्ला)
चौथो त्रयमासिक प्रगति प्रतिवेदन
आ.व. २०८१/०८२

## १. यस त्रयमासिकका कार्यक्रमले ल्याएका मुख्य उपलब्धीहरू के के हुन् ?

अपाङ्गता रोकथाम

१. नव दम्पत्तीहरुका लागि शुभकामना कार्ड छापी स्वास्थ्य कार्यालय, स्बास्थ्य केन्द्र, स्वयम् सेविका तथा वडा कार्यालय मार्फत निरन्तर वितरण भईरहेको।

२. विद्यालय स्वास्थ्य परिक्षणका लागि स्वास्थ्यकर्मी तथा विद्यालय नर्सलाई तालिम २ दिने तालिम २ पटक गरी प्रदान गरि विद्यालयमा अध्ययनरत ५ वर्षदेखि १० वर्ष उमेर भित्रका ३६०५। बालबालिकामा परिक्षण गर्दा ४९ जना बालबालिकामा जन्मदोष पहिचान भई थप परिक्षण उपचारको लागि रेफर गरिएकोमा यस आ.व.मा १२ जना बालबालिकाको बेलका नगरअस्पतालमा उपचार गरिएको छ।

३. जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुको जाँच रेकर्ड सम्बन्धी कार्यहरु स्वास्थ्यकर्मी मार्फत निरन्तर भईरहेको छ।

४. जन्मजात हुनसक्ने अपाङ्गगता रोकथामका लागि फोलिक एसिड वितरण र सो सम्बन्धी अभिमुखिकरण स्वास्थ्य स्वयम् सेवक तथा स्वास्थ्यकर्मी र समुदायमा आधारित पुनःस्थापना सहजकर्ताहरुले समुदायमा निरन्तर गरिरहेका छन।

५. जन्मेको २८ दिनदेखि ५ वर्षका मुनिका बालबालिकाहरुमा हुनसक्ने जन्मदोष/ अपाङ्गताको शिघ्र पहिचान र व्यवस्थापनका लागि स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरि परिक्षण गरि १४ जना बालबालिकामा जन्मदोष पहिचान भई उपचारको लागि रेफर गरिएको तथा ६ जना बालबालिकाको बेलका नगरअस्पतालमा उपचार गरिएको छ।

समुदायमा आधारित पुनःस्थार्पना अन्तर्गत सम्पन्न भएका क्रियाकलापहरु,

क) पूर्ण र अति अशक्त अपाङ्गता भएका व्याक्तिको हेरचाह गर्ने व्यक्ति/ संरक्षक वा परिवारका सदस्यहरुलाई हेरचाह सम्बन्धी २ दिने तालिम ३५ जनालाई प्रदान गरिएको छ।

ख) अपाङ्गता भएका ब्याक्तिहरु तथा निजको परिवारका सदस्यहरुलाई जिविकोपार्जन, सशक्तिकरण तथा सिपविकास र व्यावसाय अभिवृद्धिका लागि निम्न क्रियाकलापहरु सञ्चालन गरिएको छः-

- सिपविकास तालिम सम्बन्धी क्रियाकलापहरु
  १. कपाल काट्ने सिपविकास सम्बन्धी २१ दिने तालिम प्रदान- ९ जनालाई दिईएको।
  २. ड्राईभिङ सम्बन्धी ३० दिने तालिम -३ जनालाई प्रदान गरिएको छ।

३. कम्प्युटर सम्बन्धी ३ महिने सिप तालिमको लागि आर्थिक सहयोग १ जनालाई प्रदान गरिएको छ।
४. नंया व्यवसाय सुरुवात तथा भएको व्यवसाय अभिवृद्धिका लागि ३ जनालाई व्यवसाय सञ्चालन तथा व्यबसाय अभिवृद्धि तालिम प्रदान गरिएको छ।

ग. अपाङ्गता भएका व्याक्तिहरुको स्वास्थ्य उपचार र स्वास्थ्य उपचार सहयोग सम्बन्धी निम्न कार्यहरुको गरिएको छ।

१. शारीरिक, श्रवण, दृष्टि, तथा मानसिक  सम्बन्धी अपाङ्गता भएका १४० जना अपाङ्गता भएका ब्यक्तिहरुलाई विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगि उपचार गरिएको तथा १५ जनालाई फिजियोथेरापी केन्द्रमा लगि उपचार गरिएको छ।

घ. घरमा आधारित शिक्षा १३ जना बालबालिकालाई प्रदान गरी यस वर्षमा १५ जनालाई विद्यालय भर्ना गरिएको छ भने पुन विद्यालय भर्ना ४१ गरी जम्मा ५६ जना बालबालिकालाई विद्यालय भर्ना गरी विद्यालय शिक्षामा जोडिएको छ।

ङ. यस चौमासिकमा  ५६ जना अपाङ्गता भएका व्यक्तिहरुले सहायक सामाग्री प्राप्त गरेका छन।

च.  ९४० जाना कोबोबाट पहिचान गरी ८२४ जना को तथ्याङ्क अध्यावधिक गरी एम आइ एसमा अपडेट पनि गरिसकिएको छ ।त्यस्तै ७८९ जना अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाईल तयार गरिएको छ।

च. २४९ वटा सहायक तथा सहयोगी समाग्रीको आवश्यकतारहेको पहिचान गरीसकिएको छ।

छ.  १६३ जनालाई फिजियोथेरापी सेवा पनि आबश्यक भएको कुरा अध्यावधिक गरी सोहि अनुसार सेवा प्रवाह गर्ने ब्यवस्था मिलाइने छ ।

झ. शिविरबाट नया रातो र निलो कार्ड प्राप्त गरेका र सुरक्षा भत्ता प्राप्त गर्न छुटेका ब्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ताका लागि सम्बन्धित वडा कार्यालय मार्फत सामाजिक सुरक्षा भत्ता सेवामा आवद्ध हुनका लागि सुसुचित गरिसकिएको छ ।

ञ.  ९४० जना अपाङ्गता भएका ब्यक्तिहरुको प्रोफाइल तयार पार्नका लागि  तत्काल उपलब्ध कागजात सहितको फाइल तयार पारिसकिएको छ ।

३.  यस चौमासिकमा १४९ जना अपाङ्गता भएका ब्यक्तिहरुको सिविआरएफ द्धारा गृहभेट गरिसकिएको।

८. अपाङ्गता भएका व्याक्तिहरुको संस्था ओ.पी.डी. सुदृढीकरण तथा अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि अनुदान प्रदान गरिएको छ।

९. मिलिजुली समुहका लागि आवश्यक बचत ऋण ब्यवस्थापन तथा आय ब्यय हिसाब राख्नका लागि पासबुक तथा रजिष्टरहरु छपाई गरी हस्तातरण समेत गरिसकिएको छ ।

१०. पालिकाको ९ वटै वडाका मिलिजुलि समुहको बैठक बसी आबश्यक निर्णयहररु गरीरहेका छन ।

११. पालिकामा रहेका मिलिजुली समुहका सदस्य एवं पदाधिकारीहरुले बचत, ऋण व्यवस्थापन तथा नेतृत्व विकास तालिम २ दिनको २ पटक सञ्चालन गरिएको छ ।

१२. यस पालिकाम गठन भइ दर्ता भएको ओ.पी.डी. (बेलका अपाङ्गगता संघ) का सदस्य एवं पदाधिकारीहरुले ओ.पी.डी. को क्षमता विकास तालिम प्राप्त गरिसकेका छन ।

१३. पालिकामा रहेका सबै सरोकारवालाहरुको सहभागितामा आ ब २०८१ /०८२ को वार्षिक समिक्षा तथा अगामी आ.ब. २०८२ /०८३ को वार्षिक योजना निर्माण कार्यशाला संचालन गरी चालु बर्षको समिक्षा र अगामी बर्षको योजना बनाई पालिकाबाट सामाजिक विकास मन्त्रालय कोशी प्रदेशमा पठाइ सकिएको छ ।

१४. सि.वि.आर. सहजकर्ता कार्यक्रम सम्पर्क ब्यक्ति र ओ.पी.डी. प्रतिनिधीको मासिक नियमानुसार निरन्तर संचालन गरीरहेको छ ।

१५. सामाजिक सहभागिता अभिवृद्धिका लागि सामाजिक सहभागिता वृद्धिका लागि मिलिजुलि समुह र दौतरी शिक्षाका लागि विद्यालयमा अभिमुखिकरण तथा जलवायु परिवर्तन र विपदजन्य जोखिमबाट अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई सचेत गराउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

१६. विद्यालय भर्ना तथा घरमा आधारित शिक्षा अन्तर्गत अपाङ्गता भएका बालबालिकालाई विद्यालय भर्ना गर्न हुन प्रोत्साहित गर्नका लागि ४६ जना बालबालिकालाई शैक्षिक सामाग्री प्रदान गरिएको छ।

२. यस त्रयमासिकका योजना गरिएका मुख्य गतिविधिहरू मध्ये सम्पन्न हुन नसकेका गतिविधिहरू कारण सहित उल्लेख गर्नुहोस् ।

| क्र.सं. | सम्पन्न हुन नसकेका गतिविधिहरू | सम्पन्न हुन नसक्नुका कारणहरू |
|---|---|---|
| १ | जन्मेको २८ दिनदेखि ५ वर्ष मुनिका जम्मा २४६४ बालबालिकाहरुमध्ये ११४३ जना बालबालिकामा जन्मदोष परिक्षण भएको। त्यसमा परिक्षण बाट जन्मदोष पहिचान भएका १४ जना बालबालिकाको उपचार | नवजात शिशुहरुको परिक्षण भई २ जनाको उपचार गरिएको। परिक्षणमा १४ जनामा जन्मदोष देखिएको भनि प्रेषण भएकोमा ६ जनाको थप परिक्षण गरिएको र अन्यको थप उपचार र परिक्षण हुन बाकि रहेको। |
| २. | १० वर्षमुनिका बालबालिकामा विद्यालयमा अपाङ्गताको शिघ्र पहिचानका लागि परिक्षण गराउनपर्ने कुल विद्यार्थी ६८६६ मध्ये यो आ.व.मा ४५५२ मा परिक्षण गर्न सकिएको र त्यसबाट ८७ जना बालबालिकामा जन्मदोष भई सिफारिस भएकोमा १३ जनाको मात्रै थप परिक्षण र उपचार गर्न सकिएको। | विद्यालय शिक्षक र नर्सलाई तालिम दिन ढिलो भएको र परिक्षणबाट पत्ता लगाईएका सबै बालबालिकालाई असारको समय र विद्यालयमा परिक्षा सञ्चालन भएको हुदा उपचार गर्न नसकिएको। |
| २ | सहायक सामाग्री वितरण | अपाङ्गता भएका ब्यक्तिहरुलाई आवश्यक सहायक सामाग्रीहरु cp chair, Multiple disability wheel chair, Rough rider wheel Chair, cp wheel chair) पालिकाबाट गुणस्तरीय र |

| | | |
|---|---|---|
| | | अपाङ्गता भएका व्यक्तिको आवश्यकता अनुसारको नआएको हुँदा वितरण गर्न नसकिएको। |

**३. यस त्रयमासिकका मुख्य चुनौतीहरू के के थिए र तिनका समाधानका लागि के कस्ता उपायहरू अपनाइएका थिए ?**

| क.सं. | चुनौतीहरू | समाधानका लागि अपनाइएका उपायहरू |
|---|---|---|
| १ | पालिकाको आन्तरिक कलह र राजनितिक खिचातानीका कारण फागुन मसान्तसम्म काम गर्ने नसकिएको। | सरोकार राख्ने शाखा तथा कर्मचारीहरुलाइ जिम्मा दिएर तथा एकै समयमा दुईतिर तालिम चलाएर पनि कार्यक्रम संम्पन्न गरिएको थियो । |
| २ | अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको समबुझाईको अभाव, पालिकाको सरोकारवालाहरुले अपनत्व लिन नसककेको। | छलफल र अन्तर्क्रियाद्धारा समस्याको समाधना गरिएको छ। |

**४. यस त्रयमासिकका मुख्य सिकाईहरू के के थिए ? ती सिकाईहरूले आगामी चौमासिकको योजनामा के कस्तो प्रभाव पार्नेछन् ?**

१. कार्यक्रमको संख्याको तुलनामा कार्यक्रम संचालन गर्ने समयको ख्याल सरोकारवाला र प्रशासनले नराखि दिदा र आन्तरिक द्धन्दको कारण चैत्र महिनादेखि मात्रै कार्यक्रम सुचारु हुँदा एकदमै थोरै भएकोले कार्सम्पादनमा कठिनाइ भएको थियो: त्यसैकारण कार्यक्रम संचालन गर्दा आवश्यक समयको ख्याल गरिएन भने कार्यक्रमलाई सुचारु रुपमा संचालन गर्न नसकिने कुरा थाहा पाइयो ।

**५. यस त्रयमासिकका प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय तथा करूणा फाउण्डेसन नेपालसँगको सहकार्यको अनुभव कस्तो रह्यो ?**

१. अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रममा सरकारी लगानी समेत भएकाले समुदायको कार्यक्रम प्रती सकारात्मक दृष्टिकोण रहेको पाईएको छ ।
२. प्रदेश सरकारको र स्थानिय सरकारको लगानी तथा रेखदेखमा कार्यक्रम संचालन हुने भएकाले सरकारी समयंन्त्रबाट आर्थिक कारोबार गर्ने भएकाले कार्यक्रम गर्न सहजछ ।
३. मध्यम अपाङ्गता भएका व्याक्ति तथा सामान्य अपाङ्गता भएका व्याक्तिहरुले परिचयपत्रको महत्व बुझि परिचयपत्र बनाउन आउन थालेको छ।
४. अपाङ्गता भएको व्याक्तिलाई बोझ मान्ने सामाजिक र पारिवारिक सोच र सस्कारमा परिबर्तन भएको छ।
५. अपाङ्गता भएका व्याक्ति आफै तथा परिवारका सदस्यहरुले सिप तालिम लिई व्यावसायिक बन्न सकिनेछ भन्ने आत्मविश्वास बढेको तथा यस कार्यक्रमबाट सहयोग र प्रोत्साहन पाईने रहेछ भन्ने चेतनाको विकास भएको छ।

**६. आगामी त्रयमासिकका मुख्य योजनाहरू के के छन् ? उल्लेख गर्नुहोस् ।**

१. अपाङ्गता भएका ब्यक्तीहरुको लागि सहायक सामाग्रीलाई गुणस्तरीय सामाग्री ल्याउन लगाई सहयोगी समाग्री वितरण ।
२. जन्मदोष तथा अपाङगता पहिचान भएका बालबालिकाहरुलाई थप स्वास्थ्य उपचार गर्ने।
३. पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यात्तिहरुलाई अपाङ्गता भएका व्यात्तिहरुको स्याहार सम्बन्धी सिप तालिम सञ्चालन गर्ने ।
४. तोकिएको अन्य नियमित कार्यहरु गर्ने आदि।

**प्रतिवेदन तयार गर्ने**

नामथर: श्री ज्योती राई

पद: सहायकस्तर पाँचौ

दस्तखत:

कार्यालय: बेलका नगरकार्यपालिकाको कार्यालय

**प्रतिवेदन स्विकृत गर्ने**

नामथर: श्री विनोद मिश्र

पद: नि.प्रमुख प्रसाशकीय अधिकृत

दस्तखत:

कार्यालय: बेलका नगरकार्यपालिकाको कार्यालय